*[२०६४ सालको पुरस्कार जगदम्बा-श्रीद्वारा सम्मानित विद्वान् कवि कृष्णप्रसाद पराजुलीको उद्गार]*

**आदरणीय अध्यक्षज्यू, सम्मान्य सत्यमोहन जोशीज्यू, मित्र जगदीश घिमिरेज्यू, मदन पुरस्कार गुठीका सञ्चालकहरू, उपस्थित स्रष्टा, पत्रकार बन्धु तथा गण्यमान्य व्यक्तित्व !**

नेपाली भाषा-साहित्यको सेवा, सृजना र साधनामा चचलीपुईँया खेल्दाखेल्दै अहिले म चौहत्तरको भन्ज्याङ काट्तै छु। साहित्ययात्रामा लाग्दा आफ्नो उत्तरार्ध वयमा भेटिएको विशेष खुसीको क्षण हो यो। मदन पुरस्कार गुठीका कार्य र यसबाट प्रदान गरिने पुरस्कार उच्च मूल्याङ्कनमा पर्दछन्। आज 'जगदम्बा-श्री' जस्तो गरिमामय पुरस्कारले सम्मानित हुन पाएर म चचहै भएको छु। यो खुसी म व्यक्ति कृष्णप्रसाद पराजुलीको मात्र होइन– नेपाली भाषा-साहित्यमा रत्तिने, रमाउने र सन्हाउनेहरूको पनि खुसी हो। यो खुसी निसासिँदो सङ्घर्षपछि मलाई भन्ज्याङको वटवृक्ष देख्ने नेपाली भाषा-साहित्यका प्रेमीहरूको ओठओठमा खेलेको मुस्कानको खुसी पनि हो।

हो, म साहित्यमा भिजें, नाचें, बुर्कुसी मारें, डुबुल्किएँ र बाँचें पनि– गीत-कविता, कथा-एकाङ्की, निबन्ध-प्रबन्ध, लोकसाहित्य र बालसाहित्यमा। उद्देश्य थियो साहित्यमै समर्पित रहने। मैले श्रेय नै पाएकाले हुन सक्छ, सबैजसो कृतिका संस्करणमाथि संस्करण पाउला लहलहाए। म लेखक मात्र नभएर गुरुसमेत हुन पुगें। जता लागे पनि र जे लेखे पनि मेरो मूल मन्त्र रह्यो– राम्रो रचना, मीठो नेपालीको साधना र प्राप्ति। मैले त्यसको उद्घोष गरें र त्यही नामको किताब लेखें पनि। भानुभक्त आचार्यदेखि आजसम्मका राम्रो रचना लेखेर नेपाली भाषालाई तिखार्ने र सिँगार्ने लेखकहरू मेरा आँखामा थुप्रै आउँछन्। शीतलो, न्यानो र महलोपन दिने स्रष्टालाई पनि बिर्सिन सकिँदैन। उनीहरू

सबैले राम्रो नेपाली लेखे, मीठो नेपाली बोले। नेपाली भाषालाई राम्रो-मीठो बनाउनमा थुप्रै-थुप्रै नेपाली जनसमूह, लोककलाकार, वृद्धवृद्धा, युवायुवती र बालबालिकाको योगदान छ। मैले ती सबैलाई आत्मसात् गर्न खोजेको हुँ र उनीहरू हृदयभरि भएर सम्झनामा आउँछन्। मलाई भन्न मन लाग्छ– ताती गर्न थालेदेखि बोल्दै, खेल्दै, सुसेल्दै र गुनगुनाउँदै आएको चिरसम्बन्धले भाषालाई माया गर्न सिकाएको छ। नेपाली भाषा त झन् साझा भाषा हो। वास्तवमा नेपाली भाषा समग्र नेपाली जातिको ढुकढुकी हो। नेपालभित्र अढाई करोड र नेपालबाहिर एक करोडभन्दा बढी जनसमुदायको साझा, सम्पर्क भाषाका रूपमा स्थापित यो भाषा अन्तर्राष्ट्रिय भाषासमेत भइसकेको छ र यस भाषाको उन्नति-प्रगतिमा इँटा थप्तै जाने प्रयत्न मैले गरेको हुँ। नेपाली भाषा-साहित्यको सेवा गरिरहन पाउनुलाई मैले जीवनकै सार्थकता ठानेको छु।

हुन त मैले के नै गर्न सकेको हुँला र! मैले त ताते गर्दै आउँदा आफ्नै माटोलाई, भाषालाई र आमालाई माया गरेको हुँ। एकान्तमा बसेर पनि मातृत्व र स्वअस्तित्वको पूजा गर्न खोजेको हुँ। वन-बनेलीमा विलाउँदै कोइली बोलेको र न्याउली बासेको पनि कतै न कतैबाट सुनिँदो रहेछ। यहाँहरूले जीरालाई पनि हीरा देख्नुभयो। 'जगदम्बा-श्री' पुरस्कार सम्भवत: यस्तै-यस्तै सेवा र साधनाका क्रममा छहराउँदै आएको सम्मान हो भन्ने अनुभव मैले गरेको छु।

मेरा दृष्टिमा सृजना र साधनाको क्षेत्र निश्चय नै सुगम हुँदैन। स्थापित हुने कुनै पनि स्रष्टा धेरै उकाली-ओराली छिचोल्दै, गौंडा-गल्छेडा पार गर्दै आफ्नो निर्धारित लक्ष्यमा पुग्ने गर्छ। उनीहरूका आफ्ना दृष्टि हुन्छन्, दर्शन हुन्छन्, चिन्तनमननमा खेल्छन् उनीहरू। साहित्य र जीवनजगत्का सम्बन्धमा म आफ्ना धारणा राख्तै आएको छु– कुनै पनि लेखकले पहिले त आफैंलाई बुझ्नु र पढ्नुपर्छ। आफूमा अभिभूत नभएसम्म ऊ झारपात थुपार्छ वा फूल बटुल्छ केही थाहा हुँदैन।... अरूका सापटी, धरौटी र जडौरीमा पनि हामी उठ्न सक्तैनौं। हामीले

आफ्नै मियो गाड्नुपर्छ साहित्यिक खलामा। नेपालका छहरापहरा र ढुङ्गामाटोलाई ब्यूँझाउन सक्ने, जुर्मुराउन सक्ने र तिनलाई नयाँ जीवन र गति दिन सक्ने साहित्य चाहिएको छ यहाँ।

भाषाको प्रचुर विकास हुन नसकेको देश मुर्कट्टा हुन्छ। साहित्य-संस्कृति र कलाले सम्पन्न नभएको देश पनि मृतराष्ट्र हो। हामी भाषा-साहित्यमा चुर्लुम्मिनेहरू ठाडो र सग्लो शिर उठाएर गर्व गर्छौं। त्यस्तै वाणीका माध्यममा आफ्नो देशलाई जीवित राष्ट्रको रन्को दिने प्रयत्न गरिरहनेछौं।

स्रष्टाहरू बन्दुकको गोली पड्काउँदैनन्, तर कलमका बोली नसुसेली वस्न पनि सक्तैनन्। हाम्रो जस्तो देशमा उनीहरूको छातीमा घाउ लागेको सत्ताले देख्न सकेको छैन। वडो विडम्वना छ। 'जगदम्वा-श्री' र मदन पुरस्कारद्वारा आज सम्मानित हामी दुवै स्रष्टा काललाई पनि जितेर वाँचेका छौं। रगत र आँसुका मसीमा देशको पीडालाई गति दिने क्रम जारी छ। कस्तो संयोग! यतिखेर जोडिएका छिमेकी जिल्ला काभ्रे र रामेछापवाट देखिने जुगल हिमाल र गौरीशङ्कर हिमाल पनि मुस्कुराइरहेको अनुभूति म गर्दै छु। हामीलाई अरू केही चाहिँदैन, देशको अलिकति माया र मानिसका मनको शीतल छाया पाए पुग्छ। हामी भ्रान्तिका सपना देख्दैनौं, शान्तिका सपना देख्छौं। हाम्रा प्रत्येक शब्दका चरण हरण हुन नसकून्, शान्तिले वरण गर्न पाइरहोस्– **तमसो मा ज्योतिर्गमय**! वस।

पटक्कै गर्व नगरी भन्दा पनि मैले लाखौं पाठकको मनको सुमन पाएको छु। वालवालिकादेखि वृद्धवृद्धासम्मका थुप्रै-थुप्रैको माया वटुलेको छु। यस अवस्थामा 'जगदम्वा-श्री' पुरस्कारले मलाई सम्मान दिएको छ भने दायित्व पनि थपेको छ। म यो प्राप्तिलाई आफ्नै नाममा स्थापित कृष्ण साहित्य सदन अनि आफ्नै ऊर्जस्विता एवं वाँच्ने उपक्रममा लगाएर अनवरत भाषा-साहित्यकै सेवामा लागिरहने प्रण गर्दछु। मेरो दायित्ववोध जीवनको अन्तिम साससम्म पनि रहिरहनेछ। साहित्यस्रष्टाहरू मनको

हिमाल चढ्छन्, मैले पनि मनको हिमाल चढ्ने सपना साकार पार्न लागेको हुँला । अव निकट भविष्यमै मेरो आत्मकथा **शिखरयात्रा** निस्कँदै छ । त्यसैले यहाँ म धेरै लम्ब्याउन चाहन्नँ ।

अन्तमा म यहाँहरू सबैप्रति आभारी हुँदै आज पुरस्कृत हुने अर्का सहयात्री साहित्यकार जगदीश घिमिरेलाई सुस्वास्थ्यको मङ्गल कामनासहित हार्दिक बधाई दिन्छु र आफ्नै शव्दमन्त्रमा भन्छु–

*धर्ती यो त्यसरी बिम्फोस् युगको इतिहासमा*
*जसरी पूर्व बिम्फन्छ आलोकले प्रभातमा*
*आँखाको मृदु भाषामा सानो संसार फुल्दछ*
*मेरो आराध्य वाणी हो, वाणीमै ज्योति खुल्दछ ।*